पूर्वाञ्चल विश्वविद्यालय

# चिकित्साशास्त्र संकाय

गोठगाउँ, मोरङ्ग

# VACANCY ANNOUNCEMENT

प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१४

पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकाय गोठगाउँ, मोरङ्गको मातहतमा रहेको पू. वि. शिक्षण अस्पताल तथा पू. वि. स्कूल अफ मेडिसिनका लागि निम्न पदहरूमा तपसिलको संख्यामा करार सेवामा शिक्षकहरुको पद पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो तथा तोकिए बमोजिमको दस्तुर सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (अन्तिम दिन बिदा परेमा सोको भोलि पल्ट) रीतपूर्वकको दरखास्त आधिकारिक इमेल (vacancy@pufomas.edu.np) मार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। आवेदन फारम तथा आवेदकले ध्यान दिनुपर्ने बिस्तृत विवरण र जानकारी www.pufomas.edu.np बाट प्राप्त गर्न सकिनेछ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं | विषय | पद | संख्या | विभाग |
|---|---|---|---|---|---|
| १ | १२-०८२/०८३ | Pathology (MD) | सह-प्राध्यापक | १ | Pathology |
| २ | १३-०८२/०८३ | Community Medicine (MD) | सह-प्राध्यापक | १ | Community Medicine |
| ३ | १४-०८२/०८३ | Forensic Medicine (MD) | सह-प्राध्यापक | १ | Forensic Medicine |
| ४ | १५-०८२/०८३ | Physiology (MD) | उप-प्राध्यापक | १ | Physiology |
| ५ | १६-०८२/०८३ | Pathology (MD) | उप-प्राध्यापक | १ | Pathology |
| ६ | १७-०८२/०८३ | Cancer Biology & Immunology (PhD) | उप-प्राध्यापक | १ | Pathology |
| ७ | १८-०८२/०८३ | Biochemistry (MD) | उप-प्राध्यापक | २ | Biochemistry |
| ८ | १९-०८२/०८३ | Community Medicine (MD) | उप-प्राध्यापक | १ | Community Medicine |
| ९ | २०-०८२/०८३ | MBBS & MPH | उप-प्राध्यापक | १ | Community Medicine |

**योग्यताः**

**सह-प्राध्यापकः** प्रतिष्ठान/विश्वविद्यालय/बोर्ड वा मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित बिषयमा डिएम, एमसिएच, वा स्नातकोत्तर वा सो सरह शैक्षिक योग्यता हासिल गरी विश्वविद्यालय/प्रतिष्ठान/शिक्षण संस्थामा चिकित्साशास्त्र अन्तर्गत कम्तिमा पाँच वर्ष उप-प्राध्यापक पदको अनुभव प्राप्त गरेको र उप-प्राध्यापक पदको सेवा अवधि भित्र सम्बन्धित बिषयमा वा चिकित्सा शिक्षा सम्बन्धि राष्ट्रिय वा अन्तराष्ट्रिय Indexed Journal मा कम्तिमा चार वटा अनुसन्धानात्मक पत्र प्रकाशन गरेको, जसमध्ये दुईवटा लेखमा मुख्य लेखक (Principal Author) भएको **(डिएम/एमसिएच वा सो सरह शैक्षिक योग्यता हासिल गरेको शिक्षकको हकमा उप-प्राध्यापक पदमा अध्यापन/सेवाको अनुभव अवधि २ वर्ष हुनेछ )** र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।

**उप-प्राध्यापकः** प्रतिष्ठान/विश्वविद्यालय/बोर्ड वा मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित बिषयमा न्युनतम स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरेको, सम्बन्धित काउन्सिलमा दर्ता भई कम्तीमा एक (१) बर्ष अनुभव हासिल गरेको। डि.एम .वा एम.सि.एच. गरेकाको हकमा अनुभव आवश्यक नभएको।

डीन

चिकित्साशास्त्र संकाय

<u>बिस्तृत जानकारी तथा आवेदकहरूले ध्यान दिनुपर्ने कुराहरू:</u>

१. दरखास्त फाराम पाइने: पूवि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्ग तथा www.pufomas.edu.np
२. दरखास्त फारम बुझाउने विधि: अनलाईन (vacancy@pufomas.edu.np) मार्फत
३. दरखास्त फाराम बुझाउने अन्तिम मिति : २०८२/०८/२८ गते आइतबार।
४. परीक्षाको किसिम : वस्तुगत परीक्षा र अन्तर्वार्ता। (वस्तुगत परीक्षा उत्तीर्ण हुने उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गरिने)
५. आवेदन शुल्क : सह-प्राध्यापकको लागि: रू २,०००।- (अक्षेरेपी रू दुई हजार मात्र) र उप-प्राध्यापकको लागि: रू १,०००।- (अक्षेरेपी रू एक हजार मात्र)
६. नबिल बैंक, बिराटनगरको खाता नं. ००७१००१७५१८९७७ (PU Faculty of Medical and Allied Sciences) मा जम्मा गरेको भाउचर।
७. सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्थामा काम गरिरहेका उमेदवारहरूले सम्बन्धित कार्यालयको बिभागिय स्विकृति अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।
८. सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्र तथा आवश्यक सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरू नोटरीबाट प्रमाणित प्रतिलिपी अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।
९. विदेशी विश्वविद्यालयबाट उर्त्तिण गरेको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट समकक्षताको प्रमाणित गरी सो को प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।
१०. निर्धारित समय भित्र आवश्यक कागजात पुरा नभएको वा अपूर्ण विवरण प्राप्त भएमा सो निवेदन माथि कुनै कारवाही हुने छैन।
११. आवेदन गरेका दरखास्त फारामहरूको आवश्यक छानविन गरी Shortlisted Candidate को मात्र नामावली प्रकाशित गरिने छ।
१२. तलव सुविधा: पूर्वाञ्चल विश्वविद्यालयको नियमानुसार।
१३. सम्पर्क मिति: दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट र सो दिन बिदा पर्न गएमा, कार्यालय खुलेको दिन।
१४. थप जानकारीका लागि कार्यालय समय भित्र पू. वि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्ग स्थित प्रशासन शाखामा सम्पर्क गर्नहुन समेत जानकारी गराईन्छ।
१५. यस सूचनामा कुनै त्रुटी वा भुलचुक भएमा सच्याउने वा स्पष्ट पार्ने सर्वाधिकार यस पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायलाई हुनेछ।

डीन
चिकित्साशास्त्र संकाय